# बंगलाचुली गाउँपालिका द्धारा संचालित
# रेडियो बंगलाचुली ९१.७ मेगाहर्जको
## आर्थिक वर्ष २०७९/०८० को
## वार्षिक समिक्षा

प्रस्तुतकर्ता
जीबन नेपाली
स्टेशन म्यानेजर
२०८०।०५।०३ गते

# रेडियो बंगलाचुलीको स्थापनाकालदेखि हाल सम्मको संक्षिप्त परिचय

- बंगलाचुली गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ तथा आ.व. २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम अनुसार रेडियो बंगलाचुली संचालनको प्रक्रिया सुरु गरिएको थियो । त्यस पछि नेपाल सरकार संचार तथा सूचना प्रविधि मन्त्रालयबाट मिति २०७८ साल कार्तिक ७ गते ९१.७ मेगाहर्ज रेडियो फ्रिक्वेन्सी तोक भई २०७९ साल माघ १० गते तत्कालिन आन्तरिक मामिला तथा संचार मन्त्रालय( हालको गृहमन्त्रालय) लुम्बिनी प्रदेश बाट ईजाजत प्राप्त गरि सूचना तथा प्रसारण विभाग बाट २०७९ साल जेठ ३० गते उपकरण लाईसेन्स प्राप्त गरि रेडियोले परिक्षण प्रसारण आरम्भ गरेको थियो । यस रेडियोले परिक्षण प्रसारण आरम्भ गरेको १५ महिना पछि मिति २०८० साल साउन १८ गतेका दिन लुम्बिनी प्रदेश गृहमन्त्रालयबाट नियमित प्रसारण अनुमती प्राप्त गरी रेडियो विधिवतरुपमा नियमित प्रसारणमा रहेको छ ।

* यस गाउँपालिकामा स्थानिय संचारको पहुँच न्यून रहेको, पालिकाभर कुनै पनि संचारमाध्यम स्थापना नभएको र नीजि क्षेत्रको लगानि समेत आकर्षित हुने अवस्था नरहेको परिस्थितिलाई मध्यनजर गरी यो रेडियो स्थापना गरिएको हो । जनतालाई सूचनाबाट बन्चित हुन नदिन र सुशासन कायम गर्न गाउँपालिका र आसपासका क्षेत्रमा भएका गतिविधिलाई आम जनमानसमा प्रसारण गर्न स्थानीय सरकारको अभिन्न अङ्गको रूपमा रेडियो बंगलाचुली संचालनमा ल्याईएको छ ।२१ औं शताब्दी अर्थात सूचना प्रविधिको युगमा सूचनाको हकलाई जनताको पहुँच सम्म पुर्याउने लक्ष्य अनुरुप समाजमा रहेका हरेक सत्य, तथ्य सूचना र स्थानिय सरकारले गरेका कामकाजलाई प्रवाह गर्न,शुसासन पारदर्सीता कायम गर्दै समुन्नत समाज निर्माणका लागि संचारको क्षेत्रबाट पनि महत्वपूर्ण भूमिका निभाउन सकिन्छ भन्ने यसको उद्देश्य रहेको छ ।"जनताको रेडियो" भन्ने नारासहीत बंगलाचुली गाउँपालिकाको आफ्नै स्वामित्वमा रहेर संचालन तथा व्यवस्थापन हुनेगरी नेपालको सविधानको धारा १९ र अनुसूचि-८ साथै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (१) अनुसार रेडियो बंगलाचुली संचालन तथा व्यवस्थापन ऐन २०७८ निर्माण गरी यो रेडियोलाई कानुनीरुपमा बैधानिकता दिईएको छ ।

# रेडियोको प्रसारण तालिका

रेडियो बंगलाचुली दैनिक १५ घण्टा संचालन भईरहेको छ । विहानी र दिवा रात्री गरी दुई सिफ्टमा संचालनमा रहेको छ । पहिलो सिफ्ट विहान ५:०० बजे देखि मध्यान्न १२:०० बजे सम्म र दोस्रो सिफ्टमा दिउँसो २:०० वजे देखि राती १०:०० बजे सम्म संचालन भईरहेको छ ।

रेडियोबाट विहान ७:३०, ९, १०, र ११ बजे,अपरान्ह ४,साँझ ६ र रात्री १० बजे गरी दैनिक ७ पटक आफ्नै उत्पादनको स्थानिय, राष्ट्रिय र अन्तराष्ट्रिय समाचार प्रसारण हुदै आएको छ । त्यसैगरी विहान ६ बजे कायाकैरन, ६:३० मा खबर पत्रिका, ७ बजे रेडियो नेपालको समचार प्रसारण भईरहेको छ । त्यसैगरी दिउँसो ३ बजे नेपाल खबर, ७ बजे रेडियो नेपालको समचार, ७:३० मा सिआईएनको समाचार, ८ बजे नेपाल दर्पण र ९:४५ मा विविसी नेपाली सेवा प्रसारण हुँदै आएको छ । रेडियो बंगलाचुलीबाट दैनिक तथा साप्ताहिकरुपमा कार्यक्रम जागरण,गुडमर्निङ बंगलाचुली, लोकभाखा, अडियोबुक जस्ता कार्यक्रमहरु चलिरहेका छन् भने । यही भदौबाट अन्य थप कार्यक्रमहरु पनि संचालनको चरणमा रहेका छन् ।

# रेडियोको प्रसारण पहुँच र अवस्था

रेडियो बंगलाचुली स्थापना काल देखि जनता र राज्यको दुरीलाई नजिक बनाई जनपक्षिय संचार प्रवाह गरिरहेको छ । रेडियो बंगलाचुली स्थापना संगै अहिले आवाज विहिनहरुको आवाज बनीरहेको छ । रेडियो बंगलाचुली प्रसारण केन्द्र रहेको स्थान बाहेक दाङको घोराही,तुलसीपुर, लमही, राप्ती ,गढवा,शान्तिनगर,गाउँपालिका क्षेत्रका नियमित श्रोताहरुमाझ आफ्नो प्रभुत्व जमाउन सफल रहेको छ । त्यसैगरी प्युठान, रोल्पा, सल्यान, गुल्मी, अर्घाखाँची, कपिलवस्तु र भारतको केही क्षेत्रमा समेत रेडियो बंगलाचुलीको अन्दाजी दुईलाख भन्दा धेरै नियमित श्रोताहरु रहेका छन् । रेडियोमा कार्यरत हरेक कर्मचारीहरु नेपालको सविधान,राष्ट्रिय स्वाधिनता,विधिको शासन, शुशासन, प्रेस स्वन्त्रता, मानवअधिकार,मौलिक अधिकारलाई सिरोधार्य गर्दै पत्रकार आचार संहितालाई ध्यान दिँदै निष्पक्ष र सन्तुलित सूचना प्रवाहमा अहोरात्र खटिरेका छौं । जनताको विश्वस्त सूचनाको श्रोत र सारथिकोरुपमा रहने साझा संस्थाको रुपमा आफ्नो कर्तव्य र दायित्वबाट रेडियो बंगलाचुली ९१.७ मेगाहर्ज कहिँ कतै विचलित नभई अहोरात्र लागिरहेको छ ।

# रेडियो स्थापनापछी सामाजिक उपलब्धी

बंगलाचुली गाउँपालिका जस्तो भौगोलिक विविधता र विकटता भएको स्थानमा स्थानिय सरकारको स्वामित्वमै रेडियोको स्थापना हुनु आफैमा एउटा ऐतिहाँसिक उपलब्धि हो । यहाँका दुरदराजका नागरिकलाई निरन्तर संचार प्रवाह गर्नु स्थानिय सरकार जनताप्रती हरेक समय उत्तरदायि छ भन्ने कुराको नमुना पनि हो ।राज्यले नागरिकका लागि आफ्नो लगानीमा संचारमाध्यम स्थापना गरेर जनतालाई सूचना प्रवाह गरेर जनताको सूचनाको हकलाई ग्यारेन्टी गर्नु र संचारको माध्यमबाट मानविय विकासको जग बसाल्नु स्थानिय सरकारको महत्वपूर्ण कदम हो । जुन कदम विरलै भेटयाउन सकिन्छ । स्थापना पछि रेडियो बंगलाचुलीले संचारको माध्यमबाट सकारात्मक सामाजिक रूपान्तरणमा ठूलो भूमिका खेलेको छ । गाउँ तथा टोलमा भएका समस्यालाई नीतिगत तहमा ल्याउने पुलको काम गरिरहेको छ । निर्वाचित जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीलाई राज्यका विविध कुराहरुलाई रेडियोबाट जनताको घरघरमा सहजै प्रचार प्रसार गर्न सहजता दिएको छ । भने जताको हरेक गुनासा,समस्या लाई पनि सहजै उजागर गर्नेकाम गरीरहेको छ । जसको फाईदा कागजी हिसाव किताव रुपैंया ,पैसा,हजार र लाखमा सिमित नभई असिमित रहेको छ भन्ने हाम्रो बुझाई छ ।

# रेडियोको आर्थिक आम्दानी अवस्था

- विज्ञापन दाताहरुबाट

रेडियो बंगलाचुली कोरोना माहामारी, रुस र युक्रेनको युद्धका कारण विश्वव्यापीरुपमा परेको आर्थिक मन्दीको चपेटाका विचमा स्थापित संस्था हो । यस विचमा पनि रेडियो बंगलाचुलीले आर्थिक वर्ष २०७८/०७८ मा रु.१०३९७०।–(अक्षेरेपी एक लाख तिन हजार नौ सय सत्तरी ) रुपैंया आम्दानी गर्न सफल भएको थियो ।भने आर्थिक वर्ष २०७९/०८० मा रु.२००,०००।–( अक्षेरेपी दुईलाख) आम्दानी गरी गाउँपालिकाको आन्तरीक आम्दानी खातामा जम्मा गरेका छौं ।भने रु.६९८३०.००(अक्षेरेपी उनान्सत्तरी हजार आठ सय तिस)रुपैंया बजार बाट रकम उठ्न बाँकी रहेको छ ।आर्थिक वर्ष २०८०/०८१ का लागि ८ वटा व्यवसायी संग वार्षिक विज्ञापन सम्झौता गरिसकेका छौं ।यसलाई थप वृद्धी गर्दै लैजान हामिले थप सहकार्यलाई अघि बढाएका छौं ।आ.व.२०७९/०८० को अडिट गरी आन्तरिक राजस्व कार्यालय तुलसीपुरमा कर चुक्ता समेत गरी सकेको हूँदा सोको विस्तृत विवरण अडिट रिपोर्टमा रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

# बंगलाचुली गाउँपालिका तर्फ

आर्थिक वर्ष २०७९/०८० मा बंगलाचुली गाउँपालिका अन्तर्गतका विषयगत शाखा, वडा कार्यालयहरुबाट विभिन्न शिर्षकका रु.२९२५००।(अक्षेरेपी दुईलाख बयानब्बे हजार पाँच सय) बराबरको सूचानाहरु प्रसारण गरेका छौं ।उक्त रकम रेडियो बंगलाचुलीको आम्दानी खातामा नआएपनि गाउँपालिका बाट हुने खर्चलाई बचत गर्न सफलभएका छौं । भने सूचना प्रसारण गरेवाफत अनेत्र मिडियामा जाने रकमलाई रेडियो बंगलाचुलीले रोक्न सफल भएको छ । रेडियो बंगलाचुलीले आर्थिक वर्ष २०७९/०८० मा निशुल्क प्रसारण गरेका सूचनाहरुको विवरण तपशिल बमोजिम रहेको छ ।

| क्र.स | विज्ञापनको नाम | शाखा | प्रसारण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | पन्जिकरण सम्बन्धी PSA सबै | पञ्जीकरण शाखा | १५०,००० | २०७९/०८० |
| २ | रेविज भ्याक्सिन सम्बन्धी PSA | स्वास्थ्य शाखा | ५००० | २०७९/०८० |
| ३ | हात्तिपाईले रोग विरुद्धको PSA | स्वास्थ्य शाखा | ५००० | २०७९/०८० |
| ४ | डेङ्गी रोग विरुद्धको PSA | स्वास्थ्य शाखा | ५००० | २०७९/०८० |
| ५ | शिक्षक आवश्यकता सम्बन्धी सूचना | शिक्षा शाखा | २५०० | २०७९/०८० |
| ६ | चाड पर्वको सूचना जनप्रतिनिधी | जन प्रतिनिधी | ५०००० | २०७९/०८० |
| ७ | पशु स्वास्थ्य शिवीर सूचना | पशु शाखा | १५००० | २०७९/०८० |
| ८ | वडा कार्यालयको सूचना (सबै) | वडा नं ४ | १५००० | २०७९/०८० |
| ९ | वडा कार्यालयको सूचना (सबै) | वडा नं.-३ | १५००० | २०७९/०८० |
| १० | वडा कार्यालयको सूचना (सबै) | वडा नं.-८ | १०००० | २०७९/०८० |
| ११ | वडा कार्यालयको सूचना (सबै) | वडा नं.-२ | १०००० | २०७९/०८० |
| १२ | सार्वजनिक सुनुवाई सूचना | गाउँपालिका | १०००० | २०७९/०८० |
| जम्मा | | | २९२५०० | २०७९/०८० |

# रेडियोको आम्दानीका लागि चुनौती र सम्भावना

संचार क्षेत्रको मुख्य आम्दानीको श्रोत भनेको उद्योग,निजी व्यवसय,विभिन्न कम्पनी,सरकारी तथा गैरसरकारी कार्यालयको सूचना तथा विज्ञाप प्रसारण गरेवापत आउने रकमनै हो । तर पछिल्लो समय मिडियाको विज्ञापन वजारमा रहेको व्यापक सिन्डिकेट कारण  भर्खरै स्थापना भएका मिडियालाई नाफा हुनेगरी आर्थिक आम्दानी गर्न फलामको चिउरा चपाउनु सरहनै रहेको छ ।राजधानिका विज्ञापन एजेन्सीहरुको एकछत्र सिन्डिकेटले नयाँ मिडियालाई समानुपातिक विज्ञापन पाउन निकै समस्या हुनेगरेको छ । जसको वोझ रेडियो बंगलाचुलीलाई पनि रहेको छ ।

दाङ जिल्मामा मात्र १० वटा छापा ,१४ वटा रेडियो, एउटा टेलिभिजन र बैधानिक तवरले चलेका १० वटा अनलाइन रहेका छन् ।एउटा जिल्ला यति धेरै संचारका माध्यम रहनु र विज्ञापन वजारमा अस्वस्थ प्रतिस्पर्धाका कारण रेडियो बंगलाचुलीलाई पनि सोचेअनुरुप आर्थिक आम्दानी गर्न कठिनाई भएको छ । समग्र मोफसलमा रहेका रेडियोहरुको अवस्था हेर्दा सबै आर्थिकरुमा घाटामा संचालनमा रहेको अवस्था छ । यति हुदा हुदै पनि भर्खरै स्थापना भएको रेडियो बंगलाचुलीले बजारमा राम्रो छाप छोड्न पुगेको हामिलाई महसुस भएको छ ।

अहिले निजी व्यवसायीहरु क्रमश रेडियो बंगलाचुलीलाई आफै खोज्ने अवस्था समेत भएको छ । साथै रेडियो बंगलाचुलीको आम्दानिका प्रमुख ठुला श्रोतहरु मानीएका यस पालिका बाट कच्चा पदार्थ चुनढुङ्गा लगिरहेका सिमेन्ट उद्योगहरुसंग र जिल्लाका अन्य स्थानियतहरु संग पनि व्यपारीक सम्झौता गर्नका लागि हामिले प्रकृया अगाडी बढाउने चरणमा रहेको हुँदा यस बाट रेडियोको आम्दानीमा थप वृद्धी हुने अपेक्षा रहेको छ । साथै रेडियोले विज्ञापन वोर्ड,प्रदेश सरकार तथा जिल्ला स्थित अन्य सरकारी संरचनाहरु संग पनि व्यवसायिक सहकार्य गर्दै अघि जाने चरणमा रहेको हुँदा आगामि दिनहरुमा रेडियो बंगलाचुलीको आर्थिक आम्दानीमा अपेक्षितरुपमा वृद्धि हुने विश्वास दिलाउन चाहान्छु ।

# अन्त्य र सुझाव

रेडियो बंगलाचुली स्थानिय सरकारको आफ्नो लगानिमा स्थापित एउटा बैधानिक संस्था हो ।नेपालको सविधान २०७२,स्थानिय सरकार ऐन २०७४ ले दिएको अधिकारलाई प्रयोग गर्दै स्थापित संस्था हो । यसको छुट्टै संलान प्रकृया, विधि, ऐन, निति,र एउटा गौरवमय ईतिहाँ छ ।राज्यले जारी गरेको पत्रकार आचारसंहिता जसको अधिनमा रहेर काम गर्ने संचारकर्मी र राज्यको चौथोअंगको भूमिकामा रहेको एउटा संगठित संस्थालाई कतिपय व्यक्ति,संस्था तथा संगठनले निकै सामन्य हिसावले परिभाषित गर्दै पटक पटक कुनै न कुनै तवरले प्रहार हुँदा त्यहाँ कार्यरत हामी कर्मचारीहरुलाई असहज महसुस भएको छ । बंगलाचुली गाउँपालिकाले स्थापना गरेको रेडियो,स्थानिय सरकारको एउटा साझा सम्पतीको हो । यसको दिगोपनका,व्यवसायीकता लागि सबैमा एकरुपता अपनत्वभावको विकास हुनु अपरिहार्य रहेको छ ।

# धन्यवाद ।।।